**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १८ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- संयुक्त माध्यमिक शिक्षक संगठनले आज दार्जीलिंगमा न्यायको माग गर्दै र्यालीको आयोजना गर्यो, जीटीए प्रमुख अनित थापाको आश्वसनपछि संगठनले डाकेको अनिश्चितकालिन विद्यालय बन्द लियो फिर्ता I

- निर्वाचन आयोगले आजदेखि सुनुवाइका लागि मतदाताहरूलाई सूचना पठाउन सुरु गरेको छ।

- लोकसभाले विकसित भारत - रोजगार अनि आजीविका गारन्टी मिशन-ग्रामीण विकसित भारत ग्रामीण विकास विधेयक-जी-राम-जी-2025 पारित गरेको छ।

- पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज राज्यको ग्रामीण रोजगार ग्यारेन्टी योजना महात्मा गान्धीको नाममा राख्ने घोषणा गर्नु भएको छ।

- राष्ट्रीय स्वय सेवक संघको सताब्धी वर्ष समारोहको अवसरमा सिलगढ़ीमा विशाल युवा सम्मेलन आयोजना गरियो I

- आकाशवाणी खरसांगकी पूर्व कार्यक्रम निस्पादक रेनु सिन्हाको हिज ७८ वर्षको उमेरमा निधन भयो I

**<u>शिक्षक संगठन-जीटीए</u>**

कोलकत्ता उच्च अदालतले हिज जीटीए क्षेत्रका ३१३ जना शिक्षकहरुको नियुक्ति खारेज गर्ने निर्णय लिएपछि न्यायको माग गर्दै संयुक्त माध्यमिक शिक्षक संगठनले आज दार्जीलिंगमा न्यायको माग गर्दै र्यालीको आयोजना गरेको थियो I यस अघि संगठनले पहाडका सम्पूर्ण सरकारी विद्यालयहरू अनिश्चतकालको लागि बन्द डाकेको थियो I तथापि आज गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले भानु भवनमा शिक्षकहरूको सभामा सभामा आफू शिक्षक-शिक्षिकाहरुको साथमा रहेको अनि नोकरी बचाउँनको निम्ति जुनै हदसम्म पनि जाने आश्वासन दिनु हुदै विद्यालय बन्दको निर्णयलाई फिर्ता लिने आह्वान गरेपछि संयुक्त माध्यमिक शिक्षक संगठन केन्द्रीय समितिले जीटीए मुख्य कार्यपाल अनित थापाको आह्वानलाई स्वीकार गर्दै विद्यालय बन्दको निर्णयलाई स्थगित गरेको छ। संयुक्त माध्यमिक शिक्षक संगठन, केन्द्रीय समितिका उप-सभापति विवेक छेत्रीले एक प्रेस विज्ञप्ति जारी गर्नु हुदै बोर्ड परीक्षाको मुखमा बिद्यार्थीहरुको भविष्यलाई मध्यनजर राख्दै एवं जीटीएका मुख्य कार्यपाल अनित थापाको आश्वासनलाई शिरोपर गर्दै यस निर्णयलाई स्थगित मात्र गरेर आगामी दिनमा पुनः यसलाई निरन्तरता दिन सक्ने जनाउनु भएको छ। साथै भोलिदेखि विद्यालयको सम्पूर्ण कामकाज सुचारु रुपमा चल्ने बताइएको छ। यसैबीच दार्जीलिंगका सांसद राजु विष्टले एक प्रेश विज्ञप्ति जारी गर्नु हुदै गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अन्तर्गतका स्कूलहरूमा नियुक्त ३१३ माध्यमिक शिक्षकहरूको नियमतिकरणलाई रद्द गर्ने कलकत्ता उच्च न्यायालयको निर्णयले जीटीए क्षेत्रको लागि तत्काल एउटा क्षेत्रीय स्कूल सेवा आयोग (एसएससी) र कलेज सेवा आयोग (सीएससी) गठन गर्नुपर्ने आवश्यकता दर्शाएको बताउनु भएको छ।

**श्री विष्टले जीटीए त्रिपक्षीय सम्झौताको अनुच्छेद २२ ले एउटा छुट्टै स्कूल सेवा आयोग र कलेज सेवा आयोगको गठनको प्रावधान गरेको बताउनु भएको छ। श्री विष्टले दार्जिलिङ गोर्खा पार्वत्य परिषद गठन भएपछि, शिक्षा**

**हस्तान्तरित विषय रहिआएको बताउनु भयो । यसका साथै, जीटीए-को अनुच्छेदहरू २६(v), (vi) र (viii) ले प्राथमिक, माध्यमिक, उच्चतर माध्यमिक, कलेज, पुस्तकालय सेवा र नर्सिङ प्रशिक्षणको जिम्मा जीटीए-लाई हस्तान्तरित गरेको बतौअनु हुदै अनुच्छेद ५४(२) ले जीटीए-लाई एक अधीनस्थ सेवा चयन बोर्डको माध्यमले नियुक्तिहरू गर्ने अधिकार प्रदान गरेको तर जीटीए एक्ट लागू भएको झण्डै १५ वर्ष बितिसक्दा पनि पश्चिम बङ्गाल सरकार क्षेत्रीय एसएससी र सिएससी-को गठन गर्न असफल भएको बताउनु भएको छ ।**

## निर्वाचन आयोग-एसआईआर

निर्वाचन आयोगले आजदेखि सुनुवाइका लागि मतदाताहरूलाई सूचना पठाउन सुरु गरेको छ। आयोग स्रोतका अनुसार २००२ को मतदाता प्रमाणीकरण (SIR) पछि राज्य मतदाता सूचीमा लिङ्क हुन नसकेका ३० लाख ५९ हजार २ सय ७३ मतदाताहरूलाई "नो म्यापिङ" श्रेणीमा राखिएको छ। यी सबै मतदाताहरूलाई सूचना पठाइनेछ। सुनुवाइको क्रममा मतदाताहरूले आफ्नो विचार प्रस्तुत गर्न सात दिनको समय पाउनेछन्। सूचनाले सुनुवाइ कहिले र कहाँ हुने भनेर पनि निर्दिष्ट गर्नेछ। "नो म्यापिङ" श्रेणीको अतिरिक्त, आयोगलाई लगभग १ करोड ३६ लाख मतदाताहरूको तथ्याङ्कमा शंका छ। यी नामहरू २०२६ को मस्यौदा मतदाता सूचीमा पनि समावेश छन्, तर तिनीहरूको गणना आवेदन फारामहरूमा प्रदान गरिएको जानकारी शंकास्पद मानिन्छ। यी अवस्थामा बुथ-स्तरीय अधिकारीहरू (BLOs) द्वारा प्रमाणीकरण गरिनेछ। प्रमाणीकरण पछि शंका समाधान नभएका मतदाताहरूलाई मात्र सुनुवाइको लागि बोलाइनेछ। प्रारम्भिक चरणमा, लगभग ३२ लाख नम्यापिङ नगरिएका मतदाताहरूलाई सुनुवाइ सूचना जारी गरिने सम्भावना छ। यसमा ती मतदाताहरू समावेश छन् जसको नाम २००२ को SIR मा फेला परेन तर २०२६ को मस्यौदा सूचीमा समावेश गरिएको छ।

## मुख्यमन्त्री ममता ब्यानर्जी

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज राज्यको ग्रामीण रोजगार ग्यारेन्टी योजना महात्मा गान्धीको नाममा राख्ने घोषणा गर्नु भएको छ । उहाले भाजपाको नेतृत्वमा रहेको केन्द्र सरकारले २० वर्ष पुरानो महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार ग्यारेन्टी योजना खारेज गरेर नयाँ ग्रामीण रोजगार विधेयक ल्याएर राष्ट्रपिताको नाम मेटाउने प्रयास गरिरहेको आरोप लगाउनु भयो । कोलकातामा आयोजित व्यापार तथा उद्योग सम्मेलनलाई सम्बोधन गर्नु हुदै मुख्यमन्त्रीले भन्नु भयो, यदि केही राजनीतिक दलहरूले राष्ट्रिय प्रतीकहरूको सम्मान गर्न असफल भए भने उनको सरकारले जिम्मेवारी लिनेछ। लोकसभामा विकास भारत ग्रामीण रोजगार तथा जीविकोपार्जन मिशन विधेयक पारित भएको सन्दर्भमा सुश्री ब्यानर्जीले देश अब महात्मा गान्धीलाई पनि बिर्सने दिशामा अघि बढिरहेकोमा आफु लज्जित रहेको बताउनु भयो । मुख्यमन्त्रीले राज्य सरकारको कर्मश्री योजना अब महात्मा गान्धीको नाममा राखिने घोषणा पनि गर्नु भयो । उहाले भन्नु भयो, कर्मश्री योजना अन्तर्गत, राज्य सरकारले आफ्नै स्रोतबाट लाभार्थीहरूलाई ७५ दिनको काम प्रदान गरिरहेको छ, जबकि केन्द्र सरकारले मनरेगाबाट रकम रोकेको छ। उहाले भविष्यमा कर्मश्री योजना अन्तर्गत काम गर्ने दिनको संख्या १०० पुऱ्याउने लक्ष्य रहेको पनि बताउनु भयो । मुख्यमन्त्रीले केन्द्र सरकारले कोष रोके पनि राज्य सरकारले मानिसहरूलाई रोजगारी प्रदान गर्न जारी राख्ने कुरा सुनिश्चित गर्ने स्पष्ट पार्नु भयो ।

## उच्च अदालत- बाबरी मस्जिद

पश्चिम बंगालको मुर्शिदाबाद जिल्ला अन्तर्गत बेलडाङ्गामा बाबरी मस्जिद निर्माण गर्ने निर्णयलाई चुनौती दिँदै तृणमूल कांग्रेसका निष्कासित विधायक हुमायुन कबीरले कलकत्ता उच्च अदालतमा दायर गरेको जनहित याचिका खारेज गरिएको छ। आज, कार्यवाहक प्रधान न्यायाधीश सुजय पाल र न्यायमूर्ति पार्थसारथी सेनको डिभिजन बेन्चले मुद्दा खारेज गऱ्यो। दुई न्यायाधीशले मुद्दा मर्मतयोग्य नभएको फैसला सुनाए। तृणमूल कांग्रेसबाट निलम्बित र भरतपुरका विधायक हुमायुन कबीरले जिल्ला प्रशासनको अनुमति बिना बेलडाङ्गामा बाबरी मस्जिदमा निर्माण सुरु गरेका थिए। हालै उच्च अदालतमा यस्तै आरोप लगाउँदै एक जनहित याचिका दायर गरिएको थियो। उच्च अदालतले बिहीबार मुद्दा खारेज गऱ्यो। दुई न्यायाधीशको पीठले एक व्यक्तिले दायर गरेको यस्तो मुद्दा मर्मतयोग्य नभएको तर्क गऱ्यो। कार्यवाहक प्रधानन्यायाधीशले टिप्पणी गरे कि मस्जिद निर्माण गर्ने प्रस्ताव गरिएको जग्गा सरकारी जग्गा होइन; यो ट्रस्टको हो। त्यसैले, त्यहाँ निर्माणको विरोध निराधार छ। यसबाहेक, अदालतका अनुसार, मुद्दा त्रुटिपूर्ण छ। त्यसैले, यस सम्बन्धमा कुनै पनि निवेदनमाथि विचार गरिने छैन।

**आरएसएस युवा सम्मेलन- भागवत**

राष्ट्रीय स्वयंसेवक संघ RSS-को शताब्धी वर्ष समारोहको अवसरमा आज सिलगढीको दुई माइल स्थित एक विद्यालयको प्रागणमा आज एउटा विशाल युवा सम्मेलन आयोजित गरियो। सम्मेलनलाई सम्बोधित गर्दै RSS-का सरसंघचालक डा. मोहन भागवतले भन्नु भयो – विविधतामा एकताको यो दर्शन भारतको आविश्कार हो। यो दर्शनले नै आगामी दिनहरूमा विश्वलाई शान्तिको बाटो देखाउने छ। यसैले केवल सरकारमाथि नै भार नपरि प्रत्येक व्यक्ति यो दर्शनलाई बलियो बनाउ आज अघि आउनु पर्छ भन्दै यो चिन्तन र दर्शन बोक्ने समाजलाई झन बलियो बनाउनु पर्छ। यसका लागि डा. भागवतले पंच परिवर्तनको कुरा गर्नु भयो जसमा पर्यावरणको संरक्षण, जातीय विद्वेशको अन्त, परिवार प्रबोधन, नागरिक कर्तव्य पालन तथा स्वत्वको भाव जागरन तत्व सामेल छन्। उहाँले अझ भन्नु भयो राष्ट्रीय स्वयंसेवक संघ- RSS ले समाज जीवनमा यो पाँचवाटा कामलाई अघि बढाउने छ। यसका लागि देशका युवाहरूलाई अघि आएर यसमा सहभागिता गर्ने उहाँले आह्वान पनि गर्नु भयो।

यस सम्मेलनमा उत्तर बंगालका 8 जिल्लाहरू तथा सिक्किमका 15 वर्ष देखि 35 वर्ष उमेर भएका हजारौं किशोर किशोरी, युवा युवतीहरूले सहभागिता जनाए। यो युवा सम्मेलन संघको शताब्दी वर्षको अवसरमा देशभरी आयोजित गरिने युवा सम्मेलनको एक भाग हो। देशभक्ति गित, स्वास्ती वाचन एवं दीप प्रज्वलद्वारा शुभारम्भ भएको यस सम्मेनको परिवेश देशभक्तिमय रहेको संघको प्रचार विभागले एक विज्ञप्ति मार्फत जनाएको छ।
विज्ञप्तिमा भनिएको छ कि भोली सिलगढीमा श्री भागवतको एउटा अर्को प्रमुख कार्यक्रम छ जसमा उत्तर बंगाल तथा सिक्किमका प्रबुद्ध नागरिकहरूलाई उहाँले सम्बोध्त गर्नु हुने छ। यस सम्मेलनमा सैकड़ोको संख्यामा समाजका प्रतिष्ठित व्यक्तिहरूको उपस्थिति रहने सम्भावना छ। श्री भागवत तीन दिने उत्तर बंगालको प्रवासमा हिजो साँझ सिलगढी आउनु भएको थियो। यस सम्मेलनमा संघका सह-सरकार्यवाह श्री रामदत्त चक्रधर अनि उत्तर बंगालका संघचालक हृषिकेष शाहा मंचमा उपस्थित थिए।

**सार्बजनिक भवन**

भाजपा दार्जीलिंग जिल्ला अध्यक्ष सन्जिब लामा अनि क्षत्रीय मण्डल श्रीमती कालिन्दी छेत्रीले आज  राष्ट्रिय राजमार्ग दस  अन्तर्गत गेल खोलामा एमपी ल्याड  मार्फत निर्माण गरिएको सार्वजनिक भवनको  उद्धाटन गरे  ।  यो सार्वजनिक भवन एमपी ल्याड २०२४–२५, १७औँ लोकसभा अन्तर्गत ५ लाख रुपियाँको अनुदानमा कालेबुङ खण्ड–१, टिस्टा ग्राम पञ्चायत अन्तर्गत गेल खोला युवा जनसंघ समाजको प्रयोजनका लागि निर्माण गरिएको हो। भवन निर्माणप्रति सम्पूर्ण गेल खोला क्षेत्रका जनसाधारणले खुसी व्यक्त गर्दै सांसद राजु बिष्टप्रति  आभार प्रकट गरेका छन्।

**आइजीजेएफ- कालेबुंग**

कालेबुङ जिल्लाको  गिदाब्लिङ–निम्बोङ समष्टि अन्तर्गत पर्ने नोक डाँडा ताल नजिकको धाप खोलामा इन्डियन गोर्खा जनशक्ति फ्रंडले  पुल निर्माण कार्यको  शिलान्यास गरेको  छ। यससँगै पुल निर्माण कार्य औपचारिक रूपमा शुरु भएको छ। यस अवसरमा एक समर्थन कार्यक्रम पनि सम्पन्न भयो जस अन्तर्गत क्षेत्रका १ सय नया सदस्यहरू पार्टीमा सामेल भएको जानकारी प्राप्त भएको छ I कार्यक्रमको नेतृत्व कालेबुङ जिल्ला प्रमुख संयोजक लाजरस तामाङले गर्नुभएको थियो।

**रेनु सिन्हा- निधन**

आकाशवाणी खरसांगको पूर्व कार्यक्रम निस्पादक रेनु सिन्हाको हिज ७८ वर्षको उमेरमा  निधन भयो I उहाले    १९७७ मा आकाशवाणी खरसांगको शह सम्पादकको रूपमा नियुक्त हुनु भएको थियो भने पछि आकाशवाणी खरसांगको कार्यक्रम निस्पादकको रूपमा कार्यरत भएर २००७ मा सेवानिवृत्त हुनु भएको थियो I यसरी नै आकाशवाणीमा कार्यरत हुन अघि उहा खर्सांगको रामकृष्ण उच्चतर माध्यमिक विद्यालयमा शिक्षिकाको रोप्मा पनि कार्यरत हुनुहुन्थ्यो I उहा आकाशवाणी खरसांगको कार्यक्रम शैक्षिक प्रसाधन, नाटक, रूपक अनि विज्ञान जस्ता कार्यक्रमहरूमा संलग्न हुनु हुन्थ्यो I उहाको निधनप्रति आकाशवाणी खरसांग हार्दिक श्रद्धन्जली अर्पण गर्दछ I

**चन्द्र शर्मा- निधन**

खरसाङका वरिष्ठ साहित्यकार एंव समाजसेवी चन्द्र शर्माको हिज राती निधन भएको छ। उहाको 78 वर्षको उमेरमा खरसाङ महकुमा अस्पतालको आईसीयुमा निधन भएको छ। साहित्यकार चन्द्र शर्माको भतिज नन्दन शर्माले जानकारी गराए अनुसार चन्द्र शर्मा विष्णुमाया शर्मा फाउण्डेशनको संस्थापक, शिवकुमार राई अकादमीको संस्थापक साथै सचिव, गोर्खा जनपुस्तकालय खरसाङको संरक्षक, साई समिति खरसाङको मुख्य सदस्य, आकाशवाणी खरसाङको समाचार वाचक पनि रहेका थिए। उहाले विभिन्न पुस्तकहरु सम्पादनको कार्य गर्नु भएको छ भने विभिन्न भाषामा रहेका बहुमूल्य पुस्तकहरु पनि अनुवाद गर्नु भएको छ । साहित्यकार एवं समाजसेवी चन्द्र शर्माको आज अन्तिम संस्कार गरिएको छ।

****** ० ******